| क्र.सं. | सामानको नाम | मूल्य |
|---|---|---|
| १. | Mobile X-ray System | SGD 44,370.00 |
| २. | Medical Supplies & Equipment | US$4,176.00<br>US$9,458.37 |
| ३. | SX 120 Digital EPABX System | US$12,125.00 |
| ४ | Doppler Fetus Decetor | JYP592,000.00 |

## सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी पाटन अस्पतालको लागि Novartis Pharma AG, Switzerland बाट उपहार स्वरुप प्रदान गरिने स्वीस फ्रयांक ६,४६,६००.०० (छ लाख उनान्पचास हजार छ सय) मूल्य बराबरको Glivec औषधिहरू आयात गर्दा भन्सार महसुल, मूल्य अभिवृद्धि कर लगायतका सम्पूर्ण कर शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
भेषराज शर्मा
सह-सचिव

## नेपाल सरकार
## वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना

वातावरण संरक्षण सम्बन्धी विषयमा नेपाल सरकारलाई नीतिगत मार्ग दर्शन र राय सल्लाह दिन तथा विभिन्न निकायहरू बीच समन्वय समेत गर्नको लागि नेपाल सरकारले वातावरण संरक्षण ऐन, २०५३ का दफा १४ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको वातावरण संरक्षण परिषद् गठन गरेको छ ।

१ वातावरण संरक्षण परिषद्को गठनः (१) वातावरण संरक्षण परिषद्मा देहायका सदस्यहरू रहने छन्:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क) प्रधानमन्त्री — अध्यक्ष
ख) मन्त्री, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय — उपाध्यक्ष
ग) मन्त्री, अर्थ मन्त्रालय — सदस्य
घ) मन्त्री, परराष्ट्र मन्त्रालय — सदस्य
ङ) मन्त्री, गृह मन्त्रालय — सदस्य
च) मन्त्री, जलस्रोत मन्त्रालय — सदस्य
छ) मन्त्री, स्थानीय विकास मन्त्रालय — सदस्य
ज) मन्त्री, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय — सदस्य
झ) मन्त्री, उद्योग मन्त्रालय — सदस्य
ञ) मन्त्री, वन तथा भू-संरक्षण मन्त्रालय — सदस्य
ट) मन्त्री, भूमिसुधार तथा व्यवस्था मन्त्रालय — सदस्य
ठ) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग — सदस्य
ड) सभापति, संसदीय समिति (वातावरण हेर्ने) व्यवस्थापिका-संसद — सदस्य
ढ) मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य
ण) वातावरणको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरूमध्ये कम्तीमा दुई जना महिला सहित नेपाल सरकारबाट मनोनीत सात जना — सदस्य
त) संविधान सभामा प्रतिनिधित्व गर्ने राजनैतिक दलहरूबाट एक एक जना प्रतिनिधि — सदस्य
थ) सचिव, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय — सदस्य-सचिव

२) उपदफा (१) को खण्ड (ण) बमोजिमका सदस्यहरूको पदावधि बढीमा दुई वर्षको हुनेछ ।

३. वातावरण संरक्षण परिषद्को बैठक: (१) वातावरण संरक्षण परिषद्को बैठक वर्षमा कम्तिमा एक पटक बस्नेछ ।

(२) वातावरण संरक्षण परिषद्को बैठकमा वातावरणसँग सम्बन्धित नीतिगत विषयहरू छलफलको लागि पेश गर्नेछ ।

(३) वातावरण संरक्षण परिषद्ले बैठक सम्बन्धी अन्य कार्यविधि सो परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. विघटनः खण्ड ४७, अतिरिक्ताङ्क २४ (ग), मिति २०५४।५।२३ को नेपाल राजपत्र भाग ४ मा तत्कालिन जनसंख्या तथा वातावरण मन्त्रालयको सूचना बमोजिम गठित वातावरण संरक्षण परिषद् विघटन गरिएको छ।

आज्ञाले,
उमेशप्रसाद मैनाली
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.न. १६।०६२।६३

२४५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।